## सिभिल बैंक लिमिटेडको
एघारौं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण (माईन्युट)

**१. प्रारम्भिक :-**

सिभिल बैंक लिमिटेडको मिति २०७८ साल पौष ८ गते बसेको संचालक समितिको ३६८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

**२. सभाको मिति,स्थान र समय :-**

मिति : २०७८ साल पौष महिना ३० गते (तदनुसार १४, जनवरी, २०२२ ) शुक्रबार ।
स्थान : आम्रपाली ब्याङ्केट, बालुवाटार, काठमाण्डौ
समय : विहान ११.०० बजे ।

**३. सभाको सूचना :-**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभाको सूचना सहित सभामा छलफल हुने विषयबस्तुहरू र कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण समेत मिति २०७८/०९/०९ गते प्रथम पटक र मिति २०७८/०९/२३ गते दोश्रो पटक क्रमशः अभियान राष्ट्रिय आर्थिक दैनिक र कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै भर्चुअल माध्यमबाट सभा हुने जानकारी सम्बन्धी सूचना मिति २०७८ पौष २८ गतेको कारोबार राष्ट्रिय दैनिक तथा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । त्यसै गरी साधारण सभासम्बन्धी जानकारी, आ. व. २०७७/०७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारीको लागि बैंकको वेभसाईट www.civilbank.com.np मा प्रकाशित गरिएको साथै बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालय एवं बैंकको शेयर रजिष्ट्रार कार्यालयहरूबाट वितरण गर्ने व्यवस्था गरिएको साथै बैंकको शेयरधनी अभिलेखमा उपलब्ध मोबाइल नम्बरमा सभाको जानकारी तथा वार्षिक प्रतिवेदन तथा Zoom मिटिङको लागि लिंक बनाई पठाइएको थियो ।

**४. उपस्थिति :-**

**(क) संचालकहरूको उपस्थिति :-**

१. श्री प्रताप जङ्ग पाण्डे - अध्यक्ष
२. श्री अम्बीर बोगटी - संचालक
३. श्री प्रकाश तायल - संचालक
४ श्री भिमानन्द ढुङ्गाना - संचालक
५. श्री युगेश बहादुर मल्ल - संचालक
६. श्री शम्भु प्रसाद पन्त - संचालक

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-

| | | |
|---|---|---|
| १. | श्री सुनिल कुमार पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सचिन जंग रायमाझी | प्रमुख कर्जा अधिकृत |
| ३. | श्री सुमन आचार्य | प्रमुख कर्जा व्यवसाय |
| ४. | श्री निल बहादुर सारू मगर | लेखापरीक्षक, एनबिएसएम एण्ड एसोसियटस |
| ५. | श्रीमती शिलु अर्याल | प्रमुख, मानव संशाधन विभाग |
| ६. | श्री गोबर्धन अधिकारी | प्रमुख, सामान्य सेवा विभाग |
| ७. | श्री सचिन नेवा | प्रमुख वित्त अधिकृत |
| ८. | श्री पवित्र मान श्रेष्ठ | प्रमुख लेखा विभाग |
| ९. | श्री बिजय राम कसजु | प्रमुख, ब्रान्डिङ्ग एण्ड कर्पोरेट कम्युनिकेशन |
| १०. | श्री हिरा काजी बस्नेत | कम्पनी सचिव |
| ११. | श्री सुनिल मर्हजन | प्रमुख आन्तरिक लेखापरीक्षण विभाग |

(ग) शेयरधनीको उपस्थिति :-

| | | |
|---|---|---|
| स्वयं उपस्थित | - | १४८ जना |
| प्रतिनिधी मार्फत | - | २३१ जना |
| अनलाइन (भर्चुअल) माध्यमबाट | - | १५५जना |
| **जम्मा** | **-** | **३८९ जना** |

**५. सभामा प्रस्तुत छलफलका विषयहरू :-**

**वार्षिक साधारण सभाको छलफलको विषयहरु :**

**(क) साधारण प्रस्तावहरू:**

१. अध्यक्षज्यूको प्रतिवेदन सहित संचालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिबेदन सहितको वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक NBSM & Associates पुनः नियुक्त हुन योग्य हुनुहुन्छ )

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट कर प्रयोजनको लागि प्रतिशेयर ०.२६ प्रतिशतका दरले हुन आउने रू.२,२७,४६,४७५।९२ (अक्षरेपी दुई करोड सत्ताइस लाख छयालिस हजार चार सय पचहत्तर रूपैया ब्यानब्बे पैसा मात्र) लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रू. ४३,२१,८३,०४२।४० (अक्षरेपी त्रिचालिस करोड एक्काइस लाख त्रियासी हजार बयालीस रूपैया चालीस पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. सिभिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने/गाभिन ( मर्जर ) वा प्राप्ति (एक्विजिसन ) गर्न/हुन वा स्वदेशी/विदेशी रणनीतिक साझेदारीमा जान आवश्यक सहमती र सम्झौता गर्ने लगायत प्रचलित नियम, कानून अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

CIVIL BANK

३. प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न बैंक संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविध

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | अनलाइन ( भर्चुअल) माध्यमबाट उपस्थित | जम्मा उपस्थित | प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| शेयर | ८,६४,३६,६०८.४७ | १,७९४,२१९ | ४५,७१४,९५२.०० | १,५७३,०८३.०० | ४९,०८२,२५४.०० | ५६.७८% |
| शेयरधनी | | १४८ | २३१ | १५५ | ५३४ | |

## ७. सभापतिज्यूको आसन ग्रहण र सभाको उद्घाटन :-

बैंकको एघारौं वार्षिक साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम १९ (२) बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुरूप यस बैंकका संचालक समितिका अध्यक्ष श्री प्रताप जंग पाण्डेज्यूले सभामा अध्यक्षको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरू, आमन्त्रित पर्यवेक्षकज्यूहरू तथा बैंकका पदाधिकारीहरूबाट आसन ग्रहण गर्ने कार्य गरियो । तत्पश्चात, सभाका सभाध्यक्षज्यूले सभास्थलमा राखिएको पानसमा दियो बाली बैंकको एघारौं वार्षिक साधारण सभाको समुद्घाटन गर्नु भयो ।

## ८. सभाको कारबाही र वैधानिकता :-

सभाको औपचारिकतामा प्रवेश गर्दै कम्पनी सचिव श्री हिरा काजी बस्नेतले एघारौं वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा सिभिल बैंक लिमिटेडको नियमावलीको नियम २३ को प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयर संख्या आवश्यक हुने भन्ने प्रावधान बमोजिम कुल शेयर संख्याको ५६.७८% शेयर धारण गर्ने शेयरधनीहरूको स्वयम, प्रतिनिधि तथा अनलाइन( भर्चुअल ) माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी गराउँदै सभामा छलफल हुने विषयबस्तुहरू पढेर सुनाउनु भयो । तत्पश्चात् कम्पनी सचिवले सभाका अध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूलाई आ. व. २०७७/०७८ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्न अनुरोध गर्नु भयो ।

## ९. एघारौ वार्षिक प्रतिवेदन प्रस्तुति :-

सभाका अध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूले सभा समक्ष बैंकको आ. व. २०७७/०७८ मा भएका वित्तीय झलक, प्रमुख उपलब्धी, निक्षेप परिचालन, कर्जा तथा कर्जा व्यवस्थापन, लगानी, कर्जा असुली, मानव संसाधन व्यवस्थापन, शाखा सन्जाल संस्थागत सुशासन, संस्थागत सामाजिक उत्तरदायित्व, डिजिटल बैंकिङ्ग, कार्ड तथा एटिएम, विप्रेषण कारोबार, प्रविधि सेवा, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले बैंकिङ्ग क्षेत्रमा पारेको प्रभाव आदि विषयमा तयार पारिएको आ. व. २०७७/०७८ को वार्षिक प्रतिवेदन तथा कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिमको प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो । साथै बैंकले आगामी दिनमा लिएको लक्ष्य तथा सो अनुरूप लक्ष्य हासिल गर्नको लागि बैंकले गर्नुपर्ने कार्य लगायत बैंकलाई यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नु हुने संचालकज्यूहरू, शेयरधनी महानुभावहरू, बैंकका कर्मचारीहरू लगायत सम्बद्ध सबैलाई धन्यवाद दिनुभयो ।

CIVIL BANK

तत्पश्चात सभाध्यक्षज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन माथि केही जिज्ञासा तथा विचार भए प्रकट गर्नु हुन भनी शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो । कोभिड १९ को महामारीको जोखिमको कारण साधारण सभामा अनलाईन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुनसक्ने गरी शेयरधनी महानुभावहरूलाई Meeting को ID तथा Passcode उपलब्ध गराउने व्यवस्था गरिएकोले केही शेयरधनी महानुभावहरूले अनलाईन (भर्चुअल) माध्यमबाट सहभागी भएर तथा केहीले स्वयं उपस्थित भई आ-आफ्नो जिज्ञासा तथा विचार प्रकट गर्नुभयो ।

१०. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरु :-

| क्र सं. | नाम थर |
|---|---|
| २. | श्री महेन्द्र नाथ कर्माचार्य (संस्थापक शेयरधनी ) |
| ३. | श्री शत्रुधन श्रेष्ठ |
| ४. | गोकुल प्रसाद शर्मा ( अन्लाईन मार्फत ) |
| ५. | श्री धनराज आचार्य (संस्थापक शेयरधनी ) |
| ६. | श्री हरिहर ब. जुवा श्रेष्ठ (संस्थापक शेयरधनी ) |
| ७. | श्री उद्धव प्रसाद घिमिरे |
| ८. | श्री नर सि. लाल चखु ( लिखित सुझाव) |
| ९. | श्री ब्रम्हदेव शाक्य ( लिखित सुझाव) |
| १०. | श्री चन्द्र नारायण श्रेष्ठ ( लिखित सुझाव) |
| ११. | श्रीमती सुनिता भट्टराई (लिखित सुभाव) |
| १२. | श्री कृष्ण प्रसाद अधिकारी |

११. छलफलमा शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरूको मुलभूत आशयहरू निम्न बमोजिम रहेका छन् :-

१. महेन्द्र नाथ कर्माचार्य

नयाँ अध्यक्षज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिंदै आगामी वर्षमा दुई अंकको प्रतिफल प्रदान गर्न सक्ने अवस्थामा बैंकलाई पुऱ्याउनको लागि शुभकामना दिनुभयो । बैंकमा अनुभवी तथा बैंकिङ्ग ज्ञान भएका संचालकहरू रहनुभएको, बैंकले साधारण सभा समयमै सम्पन्न गर्न सकेको, बैंकमा टिम मिलेर काम भएको हुनाले आएको परिणाम सन्तोषजनक रहेको बताउदै आ.व. २०७७/०७८ मा कर्जा तथा निक्षेपमा राम्रो बृद्धि भएको तथा बैंक सकारात्मक रूपमा अगाडि बढ्दै गएको र अझ सबल र सक्षम रूपमा अगाडि बढ्न सकोस भन्ने शुभकामना दिंदै बैंकले गैरकोषमा आधारित कारोबारहरूलाई वृद्धि गर्ने गरी कार्य गर्नुपर्ने साथै बैंकमा भएका कर्मचारीहरूलाई उचित मौका दिनुपर्ने तथा कर्मचारी टिकाउन प्रभावकारी नीति बनाई अगाडि बढ्नुपर्ने सुझाव सहित आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

२. शत्रुधन श्रेष्ठ :

बार्षिक प्रतिवेदनको कभर पेजमा **११ औं** लेख्न छुटेको देखिएको हुनाले यस प्रति आगामी दिनमा ध्यान दिन सुझाव दिनुभयो । बैंकले दिन लागेको प्रतिफल सन्तोषजनक नरहेको साथै अन्य बैंकहरूको तुलनामा पूँजी कम भएको हुनाले बैंकलाई मर्जरमा लानुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकले कम्तीमा १ अर्ब माथी नाफा गर्नुपर्ने, चालु आ.व.मा १२ प्रतिशतको प्रतिफल वितरण गर्ने गरी कार्य गर्नुपर्ने सुझाव सहित कर्जा असुलीको अवस्था के कस्तो रहेको तथा कर्मचारीहरूको सेवा सुविधा समयानुकुल रहे नरहेकोबारेमा समेत आफ्नो



CIVIL BANK

जिज्ञासा राख्नुभयो । समयमै साधारण सभा गर्न सफल भएको तथा व्यवसाय वृद्धि राम्रो रहेको सिभिल बैंक समृद्धि तर्फ बढ्न सफल होस् भन्दै साधारण सभा सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

३. **गोकुल प्रसाद शर्मा**

प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाले साधारण सभा संचालन भएकोमा बैंकलाई धन्यवाद व्यक्त गर्नुभयो । बैंकले घोषणा गरेको प्रतिफल सोचे भन्दा कम रहेको भएता पनि अगामी दिनहरूमा सुधार भएर कम्तिमा दुइ अंकको प्रतिफल दिने अवस्थामा पुग्न सकोस भन्ने आशा लिएको धारणा व्यक्त गर्नुभयो ।

४. **धनराज आचार्य**

सिभिल बैंक स्थापनाको शुरूवात चरणको १४७ जना संस्थापक शेयरधनी मध्येको एक शेयरधनी भएको नाताले म के भन्न चाहन्छु भने हो डाटाको हिसाबले बैंक कमजोर देखिन्छ तथापि हामीले एक संक्रमण कालको समय पार गरेर अगाढि बढेको हुनाले आगामी दिनमा राम्रो हुदै जाने धारणा व्यक्त गर्नुभयो । बिषम परिस्थितिमा पनि समयमै साधारण सभा गर्न सक्नु सुखद पक्ष रहेको विचार व्यक्त गर्नुभयो । बैंकको स्थापना गराउने बैंकको मुख्य व्यक्ती तथा ठूलो शेयर धारण गर्ने व्यक्ति कानूनी समस्यामा परेको जटिल परिस्थितिमा समेत बैंकलाई सही दिशामा अगाडि बढ्न सक्षम भएकोमा बर्तमान बैंक व्यवस्थापन प्रंसशा गर्न योग्य भएको धारणा सभा समक्ष व्यक्त गर्नुभयो । साथै हालै चयन हुनुभएका अध्यक्षज्यूलाई बधाई दिदै यो चुनौतिको साथ आएको अवसरलाई सदुपयोग गर्नुपर्ने धारणा राख्नुभयो । बैंकको नेतृत्वमा लामो समय बसिरहने भन्दा पनि बैंकलाई सहि दिशामा अगाडि बढाएर नेतृत्व हस्तान्तरण गर्दै जानुपर्ने धारणा समेत सभा समक्ष प्रकट गर्नुभयो । अहिलेको बैंक संचालक समिति तथा व्यवस्थापनले मर्जरमा जाने तर्फ सोच्दै नसोची बैंकलाई सबल रूपमा अगाडि बढाउने तर्फ विशेष ध्यान दिई लिएको लक्ष्य हासिल गर्नको लागि उचित रणनीति बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकको भावी रणनीतिमा सफलता मिलोस भन्ने शुभकामाना व्यक्त गनुभयो ।

५. **हरिहर बहादुर जुवा श्रेष्ठ :**

बैंकले समयभित्र साधारण सभा गर्न सफल भएकोमा बधाई दिंदै बैंकको नयाँ अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई समेत बधाई दिदै सफल कार्यकालको शुभकामाना व्यक्त गर्नुभयो । बैंक १२ बर्ष सम्म आइपुग्दा समेत उत्साहजनक प्रगती हुन नसकेको प्रति चिन्ता प्रकट गर्दै सबै स्टेकहोल्डरहरूको सुझाव सुनेर अगाडि बढ्न नयाँ नेतृत्वलाई सुझाव दिनुयभो । संस्थापक शेयरधनहिरूको भेला गरी बैंकको अवस्थाको बारेमा नयाँ व्यवस्थापनले जानकारी गराउदा उत्तम हुने धारणा व्यक्त गर्नुभयो । प्रतिफलको आधारमा हामी अन्य बाणिज्य बैंक भन्दा न्यून रहेको हुनाले आगामी दिनमा सुधार गर्ने गरी हालै परिवर्तन भएको संचालक समितिको नेतृत्व तथा बैंक व्यवस्थापनले नयाँ उत्साहका साथ कार्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकले शेयरधनिहरूलाई समय समयमा बैंकको अवस्थाको बारेमा जानकारी गराउने कार्यक्रमहरू ल्याउन सुझाव दिदै आफ्नो धारणा टुंग्याउदै सभा सफलताको शुभकामाना व्यक्त गर्नुभयो ।

६. **गुणराज भट्ट :**

साधारण सभा वर्षको अन्त्यमा भन्दा मंसिर भित्रै सभा गर्ने तर्फ ध्यान दिनुपर्ने तथा Fraction Share लाई सँधैको लागि समाधान गरियोस, साथै मर्जरमा जाने अवस्थामा शेयरधनीहरूलाई लाभ हुने गरी मात्र गाभ्ने /गाभिने वा प्राप्ती गर्ने कार्य गर्नु अनुरोध गर्दै संस्थागत सुशासनमा विशेष ध्यान दिन तथा बैंकको निक्षेपकर्ता, लगानीकर्ताको रकमको पूर्ण सुरक्षामा संवेदनशिल बन्न आग्रह गर्नु भयो । कर्मचारी दक्षता अभिवृद्धिको कार्यक्रम ल्याइ कर्मचारी सेवा सुविधाका अवसर बृद्धि गर्दै बैंकका कर्मचारी टिकाउनको लागि लोभलाग्दो प्याकेज ल्याउनु पर्ने सुझाव व्यक्त गर्नु भयो । साथै प्रताप जङ्ग पाण्डेज्यूलाई संचालक समितिको अध्यक्ष पदमा चयन हुनु भएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना दिंदै आगामी वर्षहरूमा राम्रो लाभांश दिने वातावरण बनोस भन्दै ५.२६ प्रतिशत लाभांशको लागि बैंक लाई धन्यवाद दिंदै आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

CIVIL BANK

७. **उद्वव प्रसाद घिमिरेः**

बैंकको Gross Income घटेको हुनाले सो बढाउनु पर्ने धारणा व्यक्त गर्नुभयो । केन्द्रिय बैंकको निर्देशन तथा विश्वव्यापीकरणको आवश्यकताले पनि बैंकको चुक्तापुँजी बढ्नु पर्ने आवश्यकता रहेकोले राम्रो पार्टनर तथा सम्मानजनक स्वाप रेशियो पाएको अवस्थामा मर्जरमा जान ढिला नगरौं भन्ने विचार व्यक्त गर्नु भयो ।

८. **नर्सिङ्ग लाल चखूँ (लिखित सुझाव) :**

- कोभिड १९ को समयमा पनि अथक परिश्रम गरी खाली हात नहुने गरी ५ % बोनश शेयर प्रस्ताव ल्याएकोमा धन्यवाद,
- बैंकको पोर्टफोलियो,वासलात बिगत भन्दा सबल भएको , अझ उन्नति गर्नुपर्ने,
- Annual Report को Performance ले सुधारको क्रम जारी राख्नुपर्ने,
- NII Ratio बढाउनुपर्ने,
- आम्दानी पक्ष तथा Net Profit बढाउने कोसीस गर्नुपर्छ,
- Loan and advance मा विगतको भन्दा ब्याज आम्दानी घट्यो त्यसमा सुधार गर्नुपर्ने,
- Cost minimize तथा Cost of Fund लाई नियन्त्रण गर्न कोसीस गर्नुपर्ने,
- EPS बढाउन सकेन,
- CD Ratio ९० % को रेन्जमा ल्याउनुपर्ने,
- CRR, NPL, ROA, ROI र ROE मा सुधार ल्याउनुपर्ने,
- On Balancesheet Item लाई सुधार्नु पर्ने,
- शाखाहरुको व्यापार बढाएर शाखाहरुको नाफा बढाउनुपर्ने,
- Assets Turnover मा सचेत रहनुपर्ने,
- Working culture र quality मा change ल्याउनुपर्ने,
- विभागीय प्रमुखहरुको कार्यक्षमता बढाउनुपर्ने,
- व्यवस्थापकीय effeciency र HR efficiency बढाउनुपर्ने,
- NPL विगत भन्दा घटे पनि अझ सुधार गर्नुपर्ने,
- NPA Ratio घटाउनु पर्ने,
- व्यापार व्यवसायमा नयाँ प्रचलन एवं नयाँ क्षेत्रको पहिचानमा सजग बन्नुपर्ने ।
- ग्राहकसँगको सम्बन्ध विकासमा महत्व दिनुपर्ने।
- शाखाहरूको सुशासनमा सचेत रहनुपर्ने ।

९. **श्री ब्रम्हदेव शाक्य ( लिखित सुझाव) :**

आगामी दिनमा अध्यक्षज्यूको मन्तव्यमा आशलाग्दो र उत्साहपूर्ण एवं व्यवसायिक कार्य योजना क्रमबद्ध रूपमा रहने आशा लिंदै बैंक तथा वित्तीय संस्था परिसंघले सार्वजनिक गरेको प्रतिवेदन अनुसार २०७३ साल देखि बैंकहरूको मुनाफा प्रतिशेयर आम्दानी घटिरहेको परिप्रेक्ष्यमा विशुद्ध बैंकिङ्ग व्यवसाय बाहेक अन्य क्षेत्रबाट आय आर्जन गर्न सक्ने बैंकले मात्र बढी प्रतिफल दिन सकिरहेको अवस्थामा यस बैंकले ५ % वेनस शेयरको प्रस्ताव गर्नु पनि उपलब्धीमूलक नै रहेको बताउदै संस्थागत सुशासनमा लिएको शुन्य सहनशीलताको नीतिले लगानीकर्तालाई ढुक्क बनाएको विचार व्यक्त गर्नुभयो । साथै राष्ट्र बैंकले २०८१ सम्ममा एक करोड भन्दा कमलगानीका साना तथा मझौला उधोगहरूमा कुल कर्जाको १५ % लगानी गर्नुपर्ने नियम बनाएको अबस्थामा अझै पनि आम मानिसमा बैंकको

ऋणप्रतिको हाउगुजी कायमै रहेको सन्दर्भमा स्थानीय निकायको समन्वयामा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत बैंकिङ्ग साक्षरताका कार्यक्रमहरु गर्न सके राम्रो हुने थियो भन्ने बिचार व्यक्त गर्नु भयो । उहाँले प्रमुख कार्यकारी अधिकृतको मन्तव्यमा समीक्षा गर्दै मन्तव्य समसामयिक, प्रगतिशिल एवं बैंक प्रति ग्राहकहरुको विश्वास बढाउने कार्य गरेको देखिनेखालको रहेकोले उज्वल भविष्यलाई प्रतिविम्बित गर्ने बताउनु भयो । अन्त्यमा बैंकलाई यहाँसम्म ल्याउन योगदान पुऱ्याउनुहुने संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई धन्यवाद दिँदै सभा सफल होस भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

**१०. चन्द्र नारायण श्रेष्ठ ( लिखित सुझाव) :**

बैंकको ५ % बोनश दिने प्रस्तावप्रति हार्दिक धन्यवाद दिँदै खुद नाफा र कुल आम्दानीको अनुपातमा ध्यान दिनुपर्ने तथा प्रतिशेयर नेटवर्थ बढाउन तथा संस्थागत निक्षेप भन्दा व्यक्तिगत निक्षेपमा बृद्धि गर्न ध्यान पुऱ्याउनु पर्ने सुझाव व्यक्त गर्दै साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**११. सुनिता भट्टराई ( लिखित सुझाव) :**

कोभिड १९ को कहर सकिनुको सट्टा विभिन्न रूपमा फैलिंदै गएको हुँदा ग्राहक कर्मचारीहरूको स्वास्थ रक्षा गर्दै बैंक संचालन गर्न अनुरोध गर्दै बैंकले घोषणा गरेको प्रतिफलकोलागि बैंकलाई धन्यवाद दिंदै आगामी वर्षको मुनाफाबाट १५ प्रतिशत लाभांश वितरण गर्न सक्षम बन्न सकोस भन्ने सुभकामना व्यक्त गर्नु भयो । साथै राम्रो संस्था खोजेर राम्रो मुल्य पाएमा मर्जमा जादाँ राम्रो हुने धारणा राख्नु भयो । संस्थागत सुशासन कायम गर्दै अन्य बैंकहरूको तुलनामा विशिष्ट खालको सेवा प्रवाह गरियोस, Fraction share लाई सँधैको लागि Round Up गरियोस एवं संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम खर्च गर्दा प्रशव व्यथा लाग्दा अस्पतालको मुख देख्न नपाई गर्भको बच्चा सहित प्राण त्याग गर्न बाध्य अति पिछडिएका क्षेत्र र अत्यन्तै गरिब महिलाहरूलाई प्रत्यक्ष लाभ हुने गरी खर्च गरियोस भन्ने सुझाव सहित आफ्नो लिखित मन्तव्य व्यक्त गर्नु भयो ।

**१२. कृष्ण प्रसाद अधिकारी :**

कोभिड १९ को बिषम परिस्थितिमा समेत बैंकले नाफा वितरण गर्न सकेको र पछिल्लो समयमा बैंकको प्रगती उत्साहजनक रहेको बताउदै नयाँ नेतृत्वको जिम्मेवारी सम्हाल्नुभएका बैंकका अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै परिवर्तित नेतृत्वले सकारात्मक परिवर्तनको महशुस गराउन सक्नेन विश्वास सम्पूर्ण शेयरधनी तथा सरोकारवालामा रहेकोले यो विश्वास कायम राख्न प्रयत्नशील रहनुहोस भन्ने सुझाव सहीत आफ्नो मन्तव्य व्यक्त गर्नु भयो ।

**१२. बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाध्यक्ष श्री प्रताप जङ्ग पाण्डेज्यूले आभार प्रकट गर्नुभयो । सभा संचालन भौतिक रूपमा सम्पन्न गर्ने भनियता पनि पछिल्लो समयमा कोभिडको तेस्रो भेरियन्ट तीब्र रूपमा फैलिएकोले संक्रमित हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै सभामा अनलाईन उपस्थितिलाई विशेष प्राथमिकतामा राखिएकोले अनलाईन मार्फत उल्लेख्य उपस्थिति देखिएको साथै सुरक्षाका मापदण्ड पालना गरी सभास्थलमा समेत शेयरधनीहरूको उल्लेख्य उपस्थिति देखिनु स्वागत योग्य रहेको छ । बैंकको व्यवस्थापन प्रमुख सहित संचालक समितिमा समेत नेतृत्व परिवर्तन भएर अगाडि बढिरहेको परिप्रेक्ष्यमा बैंकलाई अझ सबल र कुशल बनाउनुपर्ने गहन दायित्व संचालक समिति समक्ष आएको हुनाले बैंकलाई निरन्तर रूपमा अझ प्रभावकारी ढंगले अगाडि बढाउने प्रतिबद्धता संचालक समितिको तर्फबाट व्यक्त गर्नुभयो । आगामी बर्षहरूमा लगानीकर्ताहरूलाई कम्तीमा पनि दुई अंकको प्रतिफल वितरण गर्न सक्ने हैसियतका साथ बैंकलाई अगाडि बढाउने प्रतिबद्धता जाहेर गर्दै सोहि अनुरूप प्रभावकारी रूपमा बैंकलाई अगाडि

CIVIL BANK

बढाउने तथा सोही लक्ष्य अनुरूप संचालक समितिले बैंक व्यवस्थापनलाई साथ, सहयोग, सल्लाह, सुझाव तथा समय समयमा निर्देशन दिदै आएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउनुभयो ।

बैंकको संचालक समिति तथा बैंक व्यवस्थापन एक आपसमा समन्वय गरेर ठोस रणनीति बनाई बैंकले आगामी वर्षमा अपेक्षित प्रगति गर्ने विश्वास व्यक्त गर्दै अध्यक्षज्यू स्वयंले तथा उहाँको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतले दिनुभएको जवाफ सारांशको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- अघिल्लो आ.व. मा बैंकको व्यवसायको आकारलाई दिगो रूपमा बढाउनुपर्ने लक्ष्यका साथ अगाडि बडेको हुनाले सोहि अनुरूप व्यवसाय विस्तार गर्न सफल भएको तथा चालु आ.व. मा समेत व्यवसाय विस्तारलाई निरन्तता दिदै गरिएका लगानी कायम राख्न तथा असुलीलाई समेत उच्च प्राथिमकतामा राखी कार्य गर्ने तथा चालु आ.व. मा कम्तिमा दुई अंकको प्रतिफल वितरण गर्नुपर्ने सुझावलाई मनन गर्दै यस प्रति गम्भिर भै सोहि अनुरूप रणनीति बनाइ प्रभावकारी रूपमा अगाडि बढने ।
- शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझावहरूलाई बैंकको संचालक समिति समक्ष थप छलफल गरी बैंकको आगामि बजेट तथा रणनीतिमा उक्त सुझावहरू समेतलाई आधार मानी निर्माण गरिनेछ ।
- सरोकारवाला सबैको फाईदा दिने र उचित प्रतिफल प्राप्त हुने गरी संचालक समितिले उच्च कार्यदक्षताका साथ कार्य गर्न केन्द्रित हुनेछ ।
- बैंकको पुराना खराब कर्जा असुली तथा हालै भएका कर्जाहरूलाई समेत प्रभावकारी असुलि गर्ने गरी काम हुदै गरेको तथा सो अनुरूप खराब कर्जा घटदो क्रममा रहेको छ यसलाई अझ प्रभावकारी बनाईनेछ ।
- यस बैंक प्रति आफ्नो अमूल्य सुझाव दिएर शेयरधनी महानुभवहरूले जुन चिन्ता जाहेर गर्नु भएको छ त्यो अत्यन्तै सकारात्मक रहेकोले उक्त सुझावहरूलाई उच्च महत्व दिई आवश्यक रणनीति बनाई अगाडि बढाईनेछ ।
- बैंकले साना तथा सझौला व्यवसायमा मा focus गरी बैंकको व्ययसायको आकार बढाउने नीति रहेको छ जसले गर्दा बैंकको जोखिम विविधिकरणमा सघाउ पुऱ्याउने आशा राखिएको छ ।
- बैंकिङ्ग पहुच वृद्धि गरी स-साना बचतकर्ताहरूलाई प्राथमिकतामा राखी निक्षेप वृद्धि गर्ने योजना बनाई अगाडि बढाईनेछ ।
- कर्मचारीको दक्षता अभिवृद्धि गरी सबै सरोकारवालाहरू सँग गरिने व्यवहार शिष्ट र सभ्य हुने वातावरण बनाइनेछ ।
- बैंकको सेवाको गुणस्तरलाई अझ प्रभावकारी बनाइनेछ ।
- Cost of Fund लाई न्युनीकरण गर्ने बैंकको रणनीति रहेको छ । त्यस अन्तर्गत बैंकले CASA deposit लाई अझ बढि केन्द्रित भएर लागिरहेका छौं ।
- Foreign exchange gain, account portfolio लगायतका non funded business बढाउने तर्फ बैंकले विभिन्न कार्य योजनाहरू बनाएको छ ।
- प्रति शाखा तथा प्रति कर्मचारी उत्पादकत्वमा जोड दिई योजना बनाईनेछ ।
- बैंकको उच्च व्यवस्थापन लगायत समग्र कर्मचारीहरूलाई Target दिएर व्यवसायको आकार वृद्धिमा जोड दिईनेछ ।
- स्मार्ट फोन र इन्टरनेटको पहुँच र मुख्यत: डिजिटल प्रविधीको विकासले भुक्तानी प्रक्रियाको समय, लागत शुल्क घटाउन मद्दत गरी सुरक्षित भुक्तानी प्रणालीको विकास गरिएको छ यसलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।
- व्यवसायको ऋण तिर्ने क्षमता तथा व्यावसायिक सफलताको विश्लेषण गरेर कर्जा प्रवाह गरिएको तथा यसलाई अझ सबल बनाउदै लगिनेछ ।
- ग्राहक सन्तुष्टी दक्षताको आधार हो त्यसैले बैंकलाई डिजिटल बनाइ सक्षम र दक्ष बैंकको रूपम स्थापित उद्देश्य अनुरूप बैंक अगाडि बढिसकेको छ र धेरै कामहरू पनि भइसकेका तथा भइरहेका कार्यहरूलाई तिव्रता दिइनेछ ।

CIVIL BANK

- ग्राहकमैत्री सेवा, डिजिटल बैंकिङ्ग, भर्चुअल बैंकिङ्ग, कर्मचारी उत्पादकत्वमा सुधार, कर्जा तथा निक्षेपमा सन्तुलनका साथ बैंकलाई अगाडि बढाई पारदर्शी रूपमा बैंकको व्यवसाय वृद्धि गरी बैंकका लगानीकर्ताहरूलाई अधिकतम प्रतिफल प्रदान गर्ने गरी कार्य गरिनेछ ।
- ग्राहक संख्या बढाउन तथा निक्षेप बढाउनको लागि विभिन योजना ल्याइनेछ ।
- बैंकको व्यवसायिक आकारलाई वृद्धि गर्ने विशेष रणनीतिका साथ अगाडि बढिनेछ ।
- बैंकलाई थप सबल तथा संजाल बिस्तार गर्नको लागि उचित योजना बनाई अगाडि बडिनेछ ।
- बैंकको संचालन खर्चलाई मितव्ययी बनाइनेछ ।
- कर्जा लगानीको गुणस्तरमा विशेष ध्यान पुऱ्याई कर्जा लगानी गर्ने व्यवस्था मिलाईनेछ ।
- बैंकको CD Ratio नियमानुसार रहेका जानकारी गराउदै चालु आ.व. मा बैंकले पूँजी कोष सबल बनाउनको लागि डिबेन्चर निष्काशन गरिसकेको हुनाले सोहि बमोजिम थप व्यवसाय विस्तार गर्दै लगिनेछ ।
- चालु आ.व.को पहिलो त्रयमास सम्ममा बैंकको मुनाफा उल्लेख्य रुपमा बढाउन सफल भएका छौ सो लाई निरन्तरता दिईनेछ ।
- शेयरधनीहरूको राय, सुझाव, सल्लाहलाई आगामी दिनमा मार्गदर्शनको रूपमा लिएर अघि बढ्ने प्रण गर्दछौं ।
- कानूनले निर्दिष्ट गरेको सिमा र संस्थागत सुशासन भित्र रहेर काम गर्न हामी प्रतिबद्ध छौं ।
- नेपाल राष्ट्र बैंकले लिएको मर्जर नीति प्रति बैंक सदैव सकारात्मक रहेको तथा उपयुक्त पार्टनर पाएको अवस्थामा मर्जरमा जान अथवा ल्याउन हामी तयार रहेको तर यसरी हुने मर्जर सम्मानजक हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ । मर्जरमा जानु भन्दा अघि मिल्नु पर्ने कुराहरू धेरै हुन्छन् भने मर्जरमा गईसके पछि सिर्जना हुनसक्ने प्रतिकुल परिस्थितिलाई मर्जर अगावै आँकलन गरी व्यापक छलफल गरेर मर्जर गर्न सकियो भने मर्जर पछिको संस्था संचालन सहज एवं दुवै पक्षको लागि हितकर हुने वातावरण सिर्जना हुनसक्ने तथा उक्त मर्जबाट Synergy प्राप्त हुने हुनाले हामीले यी सबै कुराहरूको बिचार गरेर सबै सरोकारवालाहरूको हित हुने गरी सम्मानजनक मर्जरमा जानको लागि बैंक सदैव तयार रहनेछ ।
- गुणस्तरीय कर्जा, असल ग्राहकहरू भित्र्याउने प्रकृयामा बैंक निरन्तर लागिपरेको तथा थप प्रभावकारी रूपमा अगाडि बढिनेछ । यसका लागि बैंकको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन विभाग र आन्तरिक लेखापरीक्षण विभाग आदिलाई अझ सक्षम र सुदृढ बनाइने छ । डिजिटाइजेशन तथा व्यवस्थापकीय सुधार मार्फत सबल संरचनात्मक प्रणालीबाट बैंक संचालन गर्ने अभिप्रायका साथ असल व्यावसायिक नैतिकता, पारदर्शी कर्जा प्रणाली, ग्राहक केन्द्रित सेवा तथा गुणस्तरीय सेवा लगायत बैंकको समग्र प्रणालीलाई गति दिन हामी सफल हुदै गैरहेका छौ यसलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

**१३. सभाको निर्णय :-**

सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमुल्य सुझाव, सल्लाहलाई बैंकले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन सभाका सभापतिज्यूले अनुरोध गर्नुभयो ।

**(क) साधारण प्रस्ताव अन्तरगत भएका निर्णयहरू :**

**निर्णय नं. १ :** साधारण प्रस्ताव नं. १ अन्तरगत सभामा अध्यक्षज्यूबाट प्रस्तुत भएको आर्थिक वर्ष २०७७/०७८ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गरिदिन सभामा सभापतिज्यूले प्रस्तुत गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**निर्णय नं. २ :**साधारण प्रस्ताव नं. २ अन्तरगत आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण गरी पेश गरेको लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका

CIVIL BANK

वित्तीय विवरणहरू (सहायक कम्पनी सिभिल क्यापिटल मार्केट लिमिटेडको समेत ) पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**निर्णय नं. ३** : साधारण प्रस्ताव नं. ३ अन्तरगत बैंकको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक हिसाव किताबको लेखा परीक्षण गर्ने कार्यको लागि लेखा परीक्षण समितिको सिफारिश अनुसार NBSM & Associates लाई बैंकको आ. व. २०७८/७९ को बैंकको बाह्य लेखापरीक्षण, आयकर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण समेत गर्न मुल्य अभिबृद्धि कर समेत एकमुष्ठ रू.११,८६,५००/-( (अक्षरेपी एघार लाख छयासी हजार पाच सय मात्र) पारिश्रमिक तोक्ने र उपत्यका बाहिरको शाखा कार्यालयहरूको भ्रमण गर्नु पर्दा बिल अनुसारको यातायात, होटल खर्च भुक्तानी गर्ने सम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**निर्णय नं. ४** : साधारण प्रस्ताव नं. ४ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट कर प्रयोजन प्रति शेयर ०.२६ प्रतिशतका दरले हुन आउने रू.२,२७,४६,४७५।९२ ( अक्षरेपी दुई करोड सत्ताइस लाख छयालिस हजार चार सय पचहत्तर रूपैया ब्यानब्बे पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने सम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**(ख) विशेष प्रस्ताव उपर भएको निर्णहरू:**

**निर्णय नं. १** : विशेष प्रस्ताव नं. १ अन्तरगत संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रू. ४३,२१,८३,०४२।४० (अक्षरेपी त्रिचालिस करोड एक्काइस लाख त्रियासी हजार बयालीस रूपैया चालीस पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने सम्बन्धी विशेष प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**निर्णय नं. २** विशेष प्रस्ताव नं. २ अन्तरगत सिभिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/हुने वा स्वदेशी/विदेशी रणनीतिक साझेदारीमा जान आवश्यक सहमती र सम्झौता गर्ने लगायत प्रचलित नियम, कानून अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**निर्णय नं. ३** विशेष प्रस्ताव नं. ३ अन्तरगत बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिमको संशोधन/थप गर्ने सम्बन्धी विशेष प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**सिभिल बैंक लिमिटेडको प्रबन्धपत्रमा**
**प्रस्तावित संशोधन/थपको तिन महले विवरण**

| दफा | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ६ ख | बैंकको जारी पूँजी रु. ८,६४,३६,६०,८४७ /९१ (आठ अर्व चौसट्ठी करोड छत्तीस लाख साठ्ठी हजार आठ सय सड्चालीस रुपैया एकानब्बे पैसा रहेको छ । | बैंकको जारी पूँजी रु. ९,०७,५८,४३,८९०/३१ (नौ अर्ब सात करोड अन्ठाउन्न लाख त्रिचालिस हजार आठ सय नब्बे रुपैया एकतिस पैसा ) हुनेछ । | बोनश शेयर जारी पश्चात बैंकको जारी पुंजी बृद्धि हुने भएकोले । |
| दफा ६ ग | बैंकको चुक्ता पूँजी रु. ८,६४,३६,६०,८४७ /९१ (आठ अर्व चौसट्ठी करोड छत्तीस लाख साठ्ठी हजार आठ सय सड्चालीस रुपैया एकानब्बे पैसा रहेको छ । | बैंकको चुक्ता पूँजी रु ९,०७,५८,४३,८९०/३१ (नौ अर्ब सात करोड अन्ठाउन्न लाख त्रिचालिस हजार आठ सय नब्बे रुपैया एकतिस पैसा) हुनेछ । | बोनश शेयर जारी पश्चात बैंकको चुक्ता पुंजी बृद्धि हुने भएकोले । |

CIVIL BANK

**निर्णय नं. ४** विशेष प्रस्ताव नं. ४ अन्तरगत बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**१४. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा, सभाध्यक्षज्यूले सभामा प्रत्यक्ष, प्रतिनिध मार्फत तथा अनलाईन (भर्चुअल) प्रविधि मार्फत सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस एघारौं बार्षिक साधारण सभा भव्य र सभ्य रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा बैंकका संचालकज्यूहरु र बैंकको उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरूबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

CIVIL BANK

| | |
|---|---|
| ........................ | ........................ |
| हिरा काजी बस्नेत | प्रताप जङ्ग पाण्डे |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

**मिति : २०७८।०९।३०**

CIVIL BANK